नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

## प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष २०७९।८० को एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालय र महालेखापरीक्षकको कार्यालयमा मिति २०८० पुस १६ गते पेश गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ बमोजिम संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी कानूनद्वारा निर्धारित समयावधिभित्र पेश गरिएको हो। उक्त प्रतिवेदन महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीबाट अर्थमन्त्री माननीय डा. प्रकाशशरण महत र कार्यबाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू समक्ष पेश गरिएको हो।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुरूप तयार पारिएको यो प्रतिवेदन नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) मा आधारित पहिलो प्रतिवेदन हो। यस प्रतिवेदनमा तीन तहका सरकारहरु (General Governments) को बजेट र गैर बजेटरी निकायका विवरणहरु समावेश गरिएको छ। प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रकज्यूबाट यस प्रतिबेदन तयार गर्ने कार्यमा संलग्न सबैको अथक प्रयास र मिहिनेतबाट कानूनले तोके बमोजिमको समयावधिभित्र स्वीकृत लेखामानमा आधारित प्रतिवेदन पेश गर्न सफल भएकोमा सहयोग गर्नुहुने सबैलाई धन्यबाट दिँदै यस प्रतिवेदनले संङ्घीय एकाइका सरकारहरुको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको धारणा व्यक्त गर्नुभयो।

सो प्रतिवेदन ग्रहण गर्दै माननीय अर्थमन्त्री र कार्यबाहक महालेखापरीक्षकज्यूले प्रस्तुत प्रतिबेदनबाट सार्वजनिक वित्तीय व्यवस्थापनको यथार्थ अवस्था देखिकोले यसबाट सरकारको आगामी वित्तीय कार्यदिशा निर्धारण गर्न सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

मितिः २०८०।०९।१६

....................
(राजेश्वर ज्ञवाली)
सहमहालेखा नियन्त्रक
एवम्
प्रवक्ता

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np